यो आकाशवाणी हो ।                    03-5-26 Sunday

सर्वप्रथम मुख्य समाचार ।

- प्रधानमन्त्रीले **ग्यालेक्सी–आई** द्वारा विकास गरिएको '**मिशन दृष्टि**'लाई अन्तरिक्ष क्षेत्रका लागि भारतको एउटा महत्वपूर्ण उपलब्धि , बताउनुभयो
- पश्चिम बंगाल, असम, केरल, तमिलनाडु र पुडुचेरीमा हालै सम्पन्न चुनाउको मतगणना भोली चार मईका दिन हुनेछ
- रक्षा मन्त्रीले 'अपरेशन सिन्दूर' लाई आतङ्कवाद अन्त्य गर्ने प्रधानमन्त्रीको नेतृत्वमा रहेको सरकारको दृढ संकल्पको प्रतीक रहेको बताउनुभयो, अनि
- सरकारले बाल- बालिकामा हुने मधुमेहको व्यवस्थापनका लागि नयाँ राष्ट्रिय दिशानिर्देश गरेको छ जारी

----------

## 1. प्रधानमन्त्री – मिशन दृष्टि

प्रधानमन्त्री नरेन्द्र मोदीले **ग्यालेक्सी–आईद्वारा** विकास गरिएको '**मिशन दृष्टि**'लाई अन्तरिक्ष क्षेत्रका लागि भारतको एउटा महत्वपूर्ण उपलब्धि भएको बताउनुभएको छ। सामाजिक सञ्जालमार्फत आफ्नो धारणा व्यक्त गर्दै उहाँले विश्वकै पहिलो **अप्टोसार उपग्रह** तथा भारतमै निर्मित सबैभन्दा ठूलो निजी उपग्रहको सफल प्रक्षेपणले युवाहरूको नवप्रवर्तन तथा राष्ट्र निर्माण प्रतिको समर्पणलाई प्रमाणित गरेको उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले ग्यालेक्सी–आईका संस्थापकहरू तथा सम्पूर्ण टोलीलाई हार्दिक बधाई दिनुभयो । उपराष्ट्रपति सी. पी. राधाकृष्णनले **ग्यालेक्सी-आईलाई दृष्टि मिशनको** सफल प्रक्षेपणमा बधाई दिनुभएको छ। आफ्नो सन्देशमा उपराष्ट्रपतिले भन्नुभयो, यो मिशन भारतको निजी अन्तरिक्ष नवाचार र आत्मनिर्भर भारतको बढ्दो शक्तिको प्रतीक हो।

## 31.पश्चिम बंगाल - मतगणना

पश्चिम बंगाल, असम, केरल, तमिलनाडु र पुडुचेरीमा हालै सम्पन्न चुनाउको मतगणना भोली चार मईका दिन हुनेछ। यी राज्यहरूमा विभिन्न चरण गरी नौं देखि उन्तीस अप्रेल सम्म चुनाउ भएको थियो। यीमध्ये पश्चिम बंगालको दक्षिण चौबिस परगना जिल्लाका पन्द्र मतदान केन्द्रमा हिजो पुनः मतदान भयो। अन्य राज्यका सबै निर्वाचन क्षेत्रको फलाफल भोली घोषित हुनेछ भने पश्चिम बंगालका निम्ति विधानसभाक ा दुई सय चौरानब्बै आशनमध्ये दुई सय त्रियानब्बै -को मतगणना हुनेछ। तथापि, यहाँको शेष एक  आशन अथवा फलता-मा एकाइस मईमा पुन मतदान ह ुनेछ।

## 2. किरेन रिजिजू : विपक्ष

संसदीय कार्य मन्त्री र भारतीय जनता पार्टीका वरिष्ठ नेता किरेन रिजिजूले विपक्षी दलहरूले सरकारी एजेन्स ीहरू, निर्वाचन आयोग, इलेक्ट्र ोनिक भोटिङ्ग मशीन र मीडिया पछि अब न्यायपालिकालाई लगातार निशाना बनाइरहेको आरोप लगाउनुभएको छ । स ंसदीय कार्य मन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता रिजिजूले सामाजिक सञ्जालमार्फत व्यक्त गरेको धारणा अनुसार विपक्षी दलहरूले आफ्ना गतिविधिबाट देशको लोकतन्त्रको आधारमाथि नै आक्रमण गरिरहेका छन् भन्ने कुरा महसुस गर्न सकेका छैनन्।

उहाँले थप उल्लेख गर ्नुभयो, कांग्रेस पार्टीको शासनकालमा उन्नाइस सय पचहत्तर सालमा देशमा आपतकाल एमर्जेन्सी लगाइएको थियो।

उहाँले आरोप लगउनुभयो कांग्रेस सरकारको समयमा सम्वैधानिक पदहरू तथा निकायहरूका शीर्ष पदमा नियुक्ति प्रत्यक्ष रूपमा सरकारको तहबाट गरिन्थ्यो, जबकि अहिले यस्ता नियुक्तिहरू समिति मार्फत गरिन्छन्।

## 24. बिहार मुख्यमंत्री-वैष्णव-राजनाथ मुलाकात

बिहारका मुख्यमन्त्री सम्राट चौधरीले आज नयाँ दिल्लीमा रक्षामन्त्री राजनाथ सिंह र रेलमन्त्री अश्विनी वैष्णव संग भेट गर्नुभयो । सोशल मीडिया पोस्टमा उहाँले रक्षामन्त्री स ंग विकसित बिहारको लक्ष्यलाई साकार गर्नेमा चर्चा भएको बताउनुभयो । श्री चौधरीले बताउनुभयो, रेलमन्त्री संगको भेटघाटमा रेलवेका बुनियादी ढा ँच ालाई बलियो बनाउने, राम्रो रेलसम्पर्क र बिहारको समग्र विकासमा तीव्रता ल्याउने बारे विचार-विमर्श भयो ।

**शौर्य सन्ध्या**

रक्षा मन्त्री राजनाथ सिंहले 'अपरेशन सिन्दूर' लाई आतङ्कवाद अन्त्य गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारको दृढ संकल्पको प्रतीक भएको बताउनुभयो । अपरेशन सिन्दूरको पहिलो वार्षिकोत्सवको अवसरमा हिजो नयाँ दिल्लीमा आयोजित **'शौर्य सन्ध्या'** कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले उक्त अपरेशनका क्रममा सशस्त्र बलहरूले देखाएको अतुलनीय वीरताले यसलाई भारतको सैनिक इतिहासको स्वर्ण अध्याय बनाएको उल्लेख गर्नुभयो ।

## -संशो विश्व प्रेस स्वतंत्रता दिवस

आज विश्व प्रेस स्वतन्त्रता दिवस मनाइदैछ। यस दिनलाई प्रेस स्वतन्त्रता सम्बन्धी पहलहरूलाई प्रोत्साहन र विकास गर्न तथा विश्वभर प्रेस स्वतन्त्रताको अवस्थाको मूल्याङ्कन गर्ने अवसरको रूपमा लिइन्छ। यस वर्षको मूल विषय **"शान्तिपूर्ण भविष्यको निर्माण"** रहेको छ। यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसले अभिव्यक्ति स्वतन्त्रताको पुनः पुष्टि गर्दै पत्रकारिता, आर्टिफिसियल इन्टेलिजेन्स लगायतका प्रविधि तथा मानवअधिकार कर्मीहरूलाई भविष्यका लागि सूचना प्रणाली सुदृढ बनाउन व्यावहारिक उपायहरूमा एकजुट गराउने महत्वपूर्ण अवसर प्रदान गरेको छ।

## बालबालिकामा मधुमेहसम्बन्धी नयाँ दिशानिर्देश जारी

सरकारले बालबालिकामा हुने मधुमेहको व्यवस्थापनका लागि नयाँ राष्ट्रिय दिशानिर्देश जारी गरेको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार, यी दिशानिर्देशले पहिलो पल्ट बाल्यकालमै मधुमेहको जाँच, निदान, उपचार र दीर्घकालीन व्यवस्थापनका लागि एकीकृत राष्ट्रिय ढाँचा प्रदान गरेको छ। मन्त्रालयले यो पहलसँगै भारत बालबालिकाको मधुमेह हेरचाहलाई सार्वजनिक स्वास्थ्य प्रणालीमा समेट्ने सीमित देशहरूको सूचीमा परेको जनाएको छ। यसबाट समयमै निदान हुने, मृत्यु दर घट्ने र प्रभावित बालबालिकाको जीवनस्तर सुधार हुने अपेक्षा गरिएको छ।

## दिल्ली – आगलागी – उपराज्यपाल – मुख्यमन्त्री

दिल्लीको विवेक विहार क्षेत्रमा आज भएको भीषण आगलागीमा नौ जनाको ज्यान गएको छ। दमकल विभागका अनुसार आगो चार तले भवनका केही तलाहरूमा लागेको थियो। बिहान करिब साढे छ बजीसम्म आगो नियन्त्रणमा ल्याइएको थियो। उक्त भवनबाट पन्ध्र जनालाई सकुशल उद्धार गरिएको छ। दिल्लीका उपराज्यपाल तरनजीत सिंह सन्धु तथा मुख्यमन्त्री रेखा गुप्ताले यस दुःखद घटनामा ज्यान गुमाउनेप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उपराज्यपाल सन्धुले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। घाइतेहरूलाई आवश्यक सम्पूर्ण उपचार सेवा उपलब्ध गराउन र पीडितहरूलाई तत्काल राहत पुऱ्याउन निर्देशन दिइएको छ।

## अखिल भारतीय अग्नि सुरक्षा सप्ताह भोलिदेखि सुरु

स्वास्थ्य र परिवार कल्याण मंत्रालयले सबै राज्य, केन्द्रशासित प्रदेश तथा सम्बन्धित केन्द्रीय मन्त्रालय र विभागसँगको सहकार्यमा भोलिदेखि अखिल भारतीय 'अग्नि सुरक्षा सप्ताह' मनाउने भएको छ। यसको उद्देश्य देशभरका स्वास्थ्य केन्द्रहरूमा आगलागी सम्बन्धी जोखिमको रोकथाम र नियन्त्रणबारे जनचेतना अभिवृद्धि गर्नु हो। केन्द्रीय स्वास्थ्य सचिव पुण्य सलीला श्रीवास्तवले नयाँ दिल्लीमा कार्यक्रम उद्घाटन गर्दै स्वास्थ्य संस्थाहरूमा अग्नि सुरक्षा सम्बन्धी शपथ ग्रहण गराउनुहुनेछ।

मुख्यमन्त्री रेखा गुप्ताले दिल्ली सरकार पीडित परिवारहरूको साथमा दृढ रूपमा उभिएको बताउनुभएको छ। उहाँले परिस्थितिमाथि निरन्तर निगरानी राखिएको र प्रभावितहरूलाई आवश्यक सबै सहयोग उपलब्ध गराइने सुनिश्चित गरिएको जानकारी दिनुभएको छ।।

------